# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ७ मितिः २०८२।०९।२५

## भाग-१

शिवराज नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शिवराज नगरसभाले यो **शिवराज नगरपालिकाको व्यवसाय सञ्चालन सम्बन्धी ऐन (पहिलो संसोधन),** २०८२ जारी गरेको छ ।

# शिवराज नगरपालिकाको व्यवसाय सञ्चालन सम्बन्धी ऐन (पहिलो संसोधन), २०८२

शिवराज नगरपालिकाको व्यवसाय सञ्चालन ऐन, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले शिवराज नगरसभाबाट देहाय अनुसार संसोधन गरिएको छ।

| दफा/ उपदफा/अनुसूची | साविक व्यवस्था | अब कायम भएको व्यवस्था | संसोधन/थप/ खारेज |
|---|---|---|---|
| प्रस्तावना | शिवराज नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरुको दर्ता नविकरण नियमन र खारेजी तथा अन्य व्यवसायहरुको अभिलेखिकरण गर्न र व्यवसाय करलाई व्यवस्थित एवम प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार बमोजिम नगरपालिकाले यो ऐन बनाएको छ। | शिवराज नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरुको दर्ता नविकरण नियमन र खारेजी तथा अन्य कार्यालबाट दर्ता इजाजत लिएका व्यवसायहरुको व्यवसाय दर्ता अभिलेखिकरण र व्यवसाय करलाई व्यवस्थित गर्न प्राइभेट फर्म दर्ता ऐन २०७६ र प्राइभेट फर्म दर्ता नियमावली २०७६ मा व्यवस्था भए बमोजिम कार्यान्वयन गर्न वाञ्छनीय भएकोले। | संशोधन र थप |
| दफा २ को (क) परिभाषा | ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ र व्यवसाय सञ्चालन ऐन २०८२ सम्झनु पर्छ। | ऐन र नियमावली भन्नाले अन्नत शुल्क ऐन, २०५८ मदिरा ऐन, २०३१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लुम्विनी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७६ व्यवसाय सञ्चालन ऐन, २०८२ र नियमावली भन्नाले लुम्विनी प्रदेश प्राइभेट फर्म दर्ता नियमावली, २०७६ सम्झनु पर्छ। | थप |
| दफा ३ को उपदफा १ | नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न चाहाने व्यक्ति वा संस्थाले अभिलेख प्रयोजनको लागि नगरपालिकामा व्यवसाय दर्ता गर्नु पर्नेछ। | नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न चाहाने व्यक्ति वा संस्थाले रु पाँच लाख सम्मको प्राइभेट फर्म दर्ता लुम्विनी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७६ को दफा ६ अनुसार गर्ने जसको प्रमाण पत्र अनुसूची ४ क को ढाँचामा उपलब्ध गराउने र अन्य कार्यालयमा दर्ता भई इजाजत लिएका उद्योग व्यापार प्राइभेट फर्म लगायतका सम्पूर्ण व्यवसायहरुले स्थानीय निकायमा व्यवसाय दर्ता गर्नु पर्नेछ र जसको प्रमाण पत्र अनुसूची ४ (क) को | संशोधन र थप |

| | | | |
|---|---|---|---|
| | | ढाँचाम उपलब्ध गराई अभिलेखकिकरण गर्ने | |
| दफा २२ | **दण्ड सजाय सम्बन्धी व्यवस्थाः**<br>दफा २१ को उपदफा १ बमोजिम र यस नगरपालिका भित्र विभिन्न निकमयमा दर्ता भई सञ्चालनमा भएका साथै दर्ता नै नभई सञ्चालनमा रहेका सबै प्रकारका उद्योग व्यवसाय कानून अनुसार शिवराज नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा व्यवसाय दर्ता गर्नु पर्नेछ अन्यथा देहाय बमोजिम दण्ड सजाय हुनेछः | **दण्ड जरिवाना सम्बन्धी व्यवस्था**<br>(१) नियमित कर तिर्नु पर्ने दायित्व भएको करदाताबाट कुनै पनि कर नियमित अशुली नभई बक्यौता हुन आएमा प्रति वर्ष १० प्रतिशतका दरले विलम्ब शुल्क लाग्ने छ।<br>(२) उद्योग व्यापार व्यवसाय इजाजत तथा स्थायी लेखा नम्बर लिएका तर नगरपालिकामा व्यवसाय दर्ता नगरेका व्यवसायीहरुले इजाजत लिएको मिति देखि गणना गरी व्यवसाय कर अशुल उपर गरिनेछ।<br>(३) दफा २१ को उपदफा १ बमोजिम र यस नगरपालिका भित्र विभिन्न निकमयमा दर्ता भई सञ्चालनमा भएका साथै दर्ता नै नभई सञ्चालनमा रहेका सबै प्रकारका उद्योग व्यवसाय कानून अनुसार शिवराज नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा व्यवसाय दर्ता गर्नु पर्नेछ अन्यथा देहाय बमोजिम दण्ड सजाय हुनेछः | संशोधन भई थप<br>थप<br>उप दफा १ लाई उपदफा ३ मा लगिएको |
| विविध दफा ३३ | | प्राइभेट फर्म दर्ता ऐन र नियमावलीः<br>१ प्राइभेट फर्म दर्ता ऐन र नियमावली भन्नाले लुम्बिनी प्रदेश प्राइभेट फर्म दर्ता ऐन २०७६ को दफा ६ र लुम्बिनी प्रदेश प्राइभेट फर्म दर्ता नियमावली २०७६ को दफा ८ मा भएको व्यवस्था बुझिन्छ। | थप (साविक दफा ३३ लाई दफा ३४ बनाई दफा ३३ लाई प्राइभेट दर्ता ऐन र नियमावली राखिएको।) |
| | | दफा ३३<br>बचाउः १ यस ऐनमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ। | साविकको दफा ३३ लाई दफा ३४ बनाईएको। |
| अनुसूची ४ विवरण | | फर्म धनीको नाम थर<br>फर्म धनीको नागरिकता नं<br>फर्म धनीको ठेगाना<br>विधुत शक्ति ( किलोवाट )<br>जनशक्ति | संशोधन<br>संशोधन<br>संशोधन<br>थप<br>थप |

| | | | |
|---|---|---|---|
| अनुसूची ४ (क) | | अन्य कार्यालयमा दर्ता तथा इजाजत लिई सञ्चालन रहेका उद्योग तथा व्यवसायको दर्ता प्रमाण पत्रको ढाँचा | थप |

# शिवराज नगरपालिका
## नगर कार्यापालिकाको कार्यालय
### चन्द्रौटा, कपिलवस्तु
### लुम्बिनी प्रदेश, नेपाल

**वाणिज्य/उद्योग सम्बन्धी फर्म दर्ता**

**फर्म दर्ता नं.** **मितिः**

देहाय बमोजिमको विवरण भएको फर्म " " मिति मा प्राइभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ।

## विवरण

**१) फर्म धनी को नाम/थर :**

**२) फर्म धनी को नागरिकता नं.**

**३) फर्म धनी को ठेगाना:**

**४) फर्म को ठेगाना :**

**५) प्राइभेट फर्मको पूँजी :**

**६) प्राइभेट फर्मको उद्देश्य:**

**७) जनशक्तिः**

**८) विद्युत शक्ति (किलोवाट):**

............................ ..............................

**फाँटवालाको दस्तखत** **प्रमाणित गर्नेको दस्तखत**

**केहि महत्वपूर्ण नियम तथा जानकारीहरु**

१) यो प्रमाण-पत्र आफ्नो व्यवसाय/पसलमा सबैले देख्नेगरी राख्नु पर्नेछ।
२) प्रत्येक आ.व. का लागि कायम हुने व्यवसाय कर आषाढ मसान्त भित्र बुझाई प्रमाण -पत्र नविकरण गर्नु पर्नेछ।
३) व्यवसाय कर भुक्तानी नगरी बाँकी हुन आएमा नगर सभाले पारित गरे अनुसार विलम्ब शुल्क लाग्नेछ।
४) नविकरण गराई बक्यौता कायम हुन आएमा तोकिए बमोजिमको जरिवाना रकम भुक्तान भएपछि मात्र पुनः नविकरण गर्न सकिनेछ
५) व्यवसाय कर भुक्तानी गर्न आउँदा यो प्रमाण-पत्र लिई आउनु पर्नेछ।
६) व्यवसाय बन्द गर्दा वा.न.पा. बाहिर स्थानान्त्रण गर्दा लगत कट्टाका लागि न.पा.मा जानकारी गराउनु पर्नेछ।
७) व्यवसाय/फर्मको नाम किसिम स्थान स्वामित्व आदि परिवर्तन वा संशोधन गर्दा न.पा लाई जानकारी दिनु पर्नेछ।
८) यो प्रमाण-पत्र सुरक्षित साथ राख्नु पर्नेछ। हराए वा नासिएमा तोकिएको शुल्क भुक्तानी गरी प्रमाण-पत्रको प्रतिलिपि प्राप्त गर्न सकिनेछ।
९) अन्य कुराहरु प्रचलित कानून तथा ऐन अनुसार हुनेछ।

## नविकरण विवरण

करदाता कोडः

| नविकरण | | भुक्तानी विवरण रकम रु. | | | | | दस्तखत | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | मान्य रहने अवधि | राजश्व रकम | छुट | जरिवाना | जम्मा भुक्तानी | रसिद नं. | फाँटवाला | अधिकृत | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**नोटः हरेक आर्थिक वर्षमा नविकरण गर्नु पर्नेछ।**

कानुन अनुसार अनुमति लिनुपर्ने सम्बन्धित निकायबाट अनुमति लिएर मात्र व्यवसायको उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नु पर्नेछ।

# शिवराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय
## चन्द्रौटा, कपिलवस्तु

### व्यवसाय दर्ता प्रमाण-पत्र

प्रमाण-पत्र सख्या :

दर्ता नं.

जारी मिति:

१. व्यवसायीको नाम, थर:

२. व्यवसाय संचालन गर्ने स्थान:

३. व्यवसायीको ठेगाना: स्थायी ........................................ अस्थायी ...............................................

४. बाबु/पतिको नाम:

५. फर्मको नाम:

६. व्यवसायको किसिम:

७. व्यवसाय सञ्चालन मिति:

८. स्वामित्व:

| निजी | साझेदारी | सहकारी | कम्पनी | प्रा.लि. | लि. | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

९. श्रेणी:

१०. लगानी पूँजी: रु.

११. वार्षिक कारोबार:

| ........................ | ............................ | .............................. |
|---|---|---|
| **संचालकको दस्तखत** | **फोटवालाको दस्तखत** | **प्रमाणित गर्नेको दस्तखत** |

**केहि महत्वपूर्ण नियम तथा जानकारीहरु**

१) यो प्रमाण-पत्र आफ्नो व्यवसाय/पसलमा सबैले देख्नेगरी राख्नु पर्नेछ।
२) प्रत्येक आ.व. का लागि कायम हुने व्यवसाय कर आषाढ मसान्त भित्र बुझाई प्रमाण -पत्र नविकरण गर्नु पर्नेछ।
३) व्यवसाय कर भुक्तानी नगरी बाँकी हुन आएमा नगर सभाले पारित गरे अनुसार विलम्ब शुल्क लाग्नेछ।
४) नविकरण गराई बक्यौता कायम हुन आएमा तोकिए बमोजिमको जरिवाना रकम भुक्तान भएपछि मात्र पुनः नविकरण गर्न सकिनेछ।
५) व्यवसाय कर भुक्तानी गर्न आउँदा यो प्रमाण-पत्र लिई आउनु पर्नेछ।
६) व्यवसाय बन्द गर्दा वा.न.पा. बाहिर सार्दा लगत कट्टाका लागि न.पा.मा जानकारी गराउनु पर्नेछ।
७) व्यवसाय/फर्मको नाम किसिम स्थान स्वामित्व आदि परिवर्तन वा संशोधन गर्दा न.पा लाई जानकारी दिनु पर्नेछ।
८) यो प्रमाण-पत्र सुरक्षित साथ राख्नु पर्नेछ। हराए वा नासिएमा तोकिएको शुल्क भुक्तानी गरी प्रमाण-पत्रको प्रतिलिपि प्राप्त गर्न सकिनेछ।
९) अन्य कुराहरु प्रचलित कानून तथा ऐन अनुसार हुनेछ।

## नविकरण विवरण

करदाता कोडः

| नविकरण | | भुक्तानी विवरण रकम रु. | | | | | दस्तखत | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | मान्य रहने अवधि | राजश्व रकम | छुट | जरिवाना | जम्मा भुक्तानी | रसिद नं. | फाँटवाला | अधिकृत | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**नोटः हरेक आर्थिक वर्षमा नविकरण गर्नु पर्नेछ।**

कानुन अनुसार अनुमति लिनुपर्ने सम्बन्धित निकायबाट अनुमति लिएर मात्र व्यवसायको उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नु पर्नेछ।

*प्रमाणिकरण मितिः २०८२/०९/२०*

*आज्ञाले,*
*पिताम्बर पाण्डे*
*प्रमुख प्रशासकीय अधिकृत*